# अमरगढी नगरपालिका कार्यालय
## डडेल्धुरा

प.सं. :- सूचना केन्द्र २०७१/०७२
च.नं. :- १०८५

मिति :- २०७१।०७।२१

विषय :- अन्तिम लेखापरीक्षण सम्बन्धी सूचना टाँस गरी दिने बारे ।

श्री जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा ।
श्री जिल्ला विकास समितिको कार्यालय, डडेल्धुरा ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, डडेल्धुरा ।
श्री खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डडेल्धुरा ।
श्री जिल्ला शिक्षा कार्यालय, डडेल्धुरा ।
श्री जिल्ला मालपोत कार्यालय, डडेल्धुरा ।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०७१।०७।२१ गते प्रकाशित **अन्तिम लेखापरीक्षण सम्बन्धी सूचना** थान – १ (एक) यसै पत्र साथ संलग्न राखी पठाईएको छ । उक्त सूचना तहाँको सूचना पाटीमा टाँस गरी सोको जानकारी यस कार्यालयमा पठाईदिनु हुन अनुरोध छ ।

(नारायण बहादुर बिष्ट) कार्यकारी अधिकृत
कार्यकारी अधिकृत

# अमरगढी नगरपालिका कार्यालय

## डडेल्धुरा

### अन्तिम लेखापरीक्षण सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०७१/०७/२१ गते)

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १३५ को उपदफा (२) अनुसार यस अमरगढी नगरपालिका कार्यालयको आ.व. २०७०।०७१ को अन्तिम लेखापरीक्षण गराउनु पर्ने भएकोले ईच्छुक "ख" वर्गको लेखापरीक्षक (ब्यक्ती, फर्म वा कम्पनी) ले यस नगरपालिका कार्यालयको राष्ट्रीय बाणिज्य बैंक, डडेल्धुरा स्थित रहेको हि. नं. ४२/०२ ग-४-३ मा रु. ३००।- जम्मा गरेको सक्कल बैंक भौचर साथ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफ्नो नेपाली नागरिकताको प्रमाणपत्र (ब्यक्तीको हकमा), मूल्य अभिवृद्धि कर (VAT)/स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, नविकरण भएको लेखापरीक्षण प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७०।०७१ को कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपि, स्थानीय निकायमा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि र लेखापरीक्षण सम्बन्धी अनुभवको विस्तृत विवरण संलग्न गरी रितपूर्वकको शिलबन्दी निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निवेदनमा आफुले माग गरेको पारिश्रमिक समेत उल्लेख गर्नु पर्नेछ । निवेदन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । थप जानकारीको लागि यस कार्यालयको लेखा शाखा (फोन नं. ०९६-४१०२३२) वा आन्तरिक लेखापरीक्षण शाखा (फोन नं. ०९६-४१००२२) मा सम्पर्क राख्न सक्नु हुनेछ ।

2071/07/21

कार्यकारी अधिकृत